माथागढी गाउँपालिकाको

# आ.व. ०८०/८१ को

# वार्षिक बजेट, योजना तथा कार्यक्रम

प्रस्तुतकर्ताः- विष्णुमाया लुङ्चे

सभामा पेश गरेको मितिः-२०८० असार १० गते

सम्मानित गाउँसभाका अध्यक्षज्यू, संपूर्ण सदस्यज्यूहरु, अतिथिहरु, कर्मचारीहरु, पत्रकार लगायत संपूर्ण महानुभावहरु !

माथागढी गाउँपालिकाको स्थापना पश्चात् दोश्रो आवधिक कार्यकालको लागि निर्वाचित भएसङ्गै समृद्ध माथागढी निर्माणको सिलसिलामा आ.व. २०८०/८१ को लागि बजेट प्रस्तुतीकरणका लागि हामी गाउँसभाको तेह्रौं अधिवेशसनमा उपस्थित भएका छौं । यस तेह्रौं गाउँसभाको अवसरमा सर्वप्रथम राष्ट्र र जनताको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै वार्षिक वजेटको तयारी एवम् मस्यौदा लेखनमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने संपूर्ण विषयगत समितिका पदाधिकारीहरु एवम् यस कार्यलाई मूर्तरुप दिन अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरुप्रति कृतज्ञ छु ।

गाउँपालिकाको वार्षिक गतिविधिहरुको सम्पूर्ण योजनाको रुपमा रहने वार्षिक वजेट र योजनालाई कार्यरुप दिन सबै क्षेत्रको आ-आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण योगदान हुने कुरा स्मरण गराउँदै सोही अनुरुप इमान्दारीपूर्ण सहयोगमार्फत् यसको सफल कार्यान्वयन हुने अपेक्षा लिएकी छु ।चालु आर्थिक बर्षको अनुभव र उपलब्ध स्रोतसाधनहरुमको समीक्षाको आधारमा जनअपेक्षाहरुलाई प्राथमिकीकरण गर्दै यथासम्भव सन्तुलित रुपमा कार्यक्रमहरुको प्रस्ताव गरिएको छ ।

आर्थिक वर्ष ०८०।८१ को बजेट तर्जुमा क्रममा गाउँसभाले पारित गरेको आर्थिक वर्ष ०८०।८१ को नीति तथा कार्यक्रमलाई केन्द्रविन्दुमा राख्दै , नेपालको संबिधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४, संघिय र प्रादेशिक आवधिक योजना, नेपाल सरकार र प्रदेश सरकारको आ.व. २०८०/०८१ को नीति कार्यक्रम तथा बजेट, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता गरेका दीगो विकासका लक्ष्यहरु, स्थानीय ऐन तथा कानून, गाउँपालिकामा रहेका विभिन्न समितिहरुहरुको सुझावहरु, वडा समितिवाट आएका वजेट कार्यक्रम तथा सुझावहरु, गाउँपालिका क्षेत्रभित्रका विषयविज्ञ, सम्पूर्ण निर्वाचित पदाधिकारीहरु, राजनैतिक दल, नागरिक समाज, विभिन्न समूह, संगठन तथा गैरसरकारी संस्था तथा कर्मचारीहरुबाट प्राप्त सुझाव सल्लाहहरु यस दस्तावेजको मार्गदर्शनको रुपमा रुपमा रहेका छन् ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०८०।८१ को बजेटका सोच, लक्ष्य, उद्धेश्य, प्राथमिकता, अवसर र चुनौतिहरु सभा समक्ष पेश गर्न चाहान्छु ।

**सोचः समृद्ध माथागढी खुसी माथागढीवासी**

लक्ष्यः संविधान र स्थानीय सरकार सन्चालन ऐनको मर्म अनुरुप स्थानीय नागरिकलाई श्रोत, साधन र अधिकार सम्पन्न बनाई गाउँपालिकालाई समृद्ध बनाउने।

उद्देश्यः

(क) कृषि क्षेत्र एवम् पशुपालनको सम्भाव्यता विकास मार्फत् उत्पादनशील रोजगारी सिर्जना गर्नका लागि साझेदारीका कार्यक्रमहरु कुशलतापूर्वक सञ्चालन गर्ने ।

(ख) सहभागितात्मक पद्धतिको अवलम्बनद्वारा समावेशी विकास गर्ने ।

(ग) स्थापित ग्रामीण पूर्वाधारहरुको निरन्तर स्तरोन्नति गर्दै महसुस हुने गरी जनजीविकामा सुधार ल्याउने ।

(घ) शिक्षा एवम् आधारभूत स्वास्थ्य जस्ता मानवीइ जीवनका न्यूनतम शर्तहरुका विविध पक्षहरु सुधार गर्दै माथागढीवासीहरुको जीवनको गुणस्तर Quality of life df सुधार ल्याउने ।

(ङ) गाउँपालिकाको आन्तरिक सक्षमता अभिबृद्धि गरी स्रोतमाथिको परनिर्भरता क्रमशः कम गर्दै जाने ।

प्राथमिकता

क) आधारभूत स्वास्थ्य सुविधामा पहुँच स्थापित गर्दै निर्माणाधीन १५ शैय्याको अस्पतालको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने ।

ख) गाउँपालिका भित्रै रोजगारी सृजना गर्न साझेदारी ऐनको कार्यान्वयनद्वारा प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग) गाउँपालिकाको अधुरा तथा क्रमागत आयोजनाहरु निरन्तर स्तरबृद्धि गर्दै जाने ।

घ) सूचना तथा सञ्चार प्रबिधीलाई गाउ स्तर सम्म बिस्तार गरी प्रविधी मैत्री सेवा प्रवाहलाई निरन्तरता दिने ।

ङ) सार्वजनिक सेवा प्रवाहलाई विद्युतीय शासनसङ्ग आवद्ध गर्दै सेवाप्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाउने ।

अवसरहरू

क) विशिष्ट भौगोलिक एवम् पर्यटकीय स्थलहरुको थप संरक्षण तथा प्रचार प्रसार गरी आयआर्जन गर्न सकिने ।

ख) संघीय सरकार, प्रादेशिक सरकारबाट प्राप्त अनुदानको सहि सदुपयोग गरी प्राथमिकताप्राप्त महत्वपुर्ण आयोजनाहरुको सञ्चालन गर्न सकि ।

ग) गाउँपालिकाको आन्तरिक आय वृद्धिमा सकारात्मक योगदान पुर्याउन सक्ने कृषि, जडीबुटी, उर्जा, पर्यटन लगायतका स्रोतको पहिचान गरी आय स्रोत बढाउन सकिने ।

घ) अपुरा लिफ्टिङ्ग खानेपानी तथा सिंचाइ आयोजनाहरु सम्पन्न गरी निरन्तरको उर्जा आपूर्तिसङ्गै उत्पादकत्व बृद्धि हुन जाने ।

ङ) नवप्रवर्तन साझेदारी कोष कार्यक्रमबाट सुरुवात भएका स्वरोजगारी र उद्यमशीलताका प्रयासहरुलाई MEDPA जस्ता कार्यक्रमसङ्ग आवद्ध गर्दै थप प्रभावकारी बनाउने।

च) ब्रिटिस काउन्सिलसङ्गको सहकार्यमा सञ्चालित QEQS जस्ता कार्यक्रममार्फत् शिक्षामा अपेक्षित समसामयिक सुधार ल्याउन सकिने ।

छ)खानीजन्य पदार्थको ब्यवस्थापन तथा खानीबाट प्राप्त हुने रोयल्टीलाई परिचालन गरी प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्न सकिने ।

## चुनौतिहरु

क) विकास निर्माणका कार्यहरुमा वास्तविक जनसहभागिता र अपनत्व बृद्धि गर्नु ।

ख) दक्ष, क्षमतावान् र सीपयुक्त मानव संशाधनको विकास मार्फत् गाउँपालिकाको समग्र विकासमा उनीहरुको उपयोग गर्नु ।

ग) गाउँपालिकाभित्र रहेका मानिसहरुको आय असमानतालाई कम गर्दै सामाजिक न्याय कायम गर्नु।

घ) युवाहरुका लागि स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना गरी उद्यमशीलताको विकास गर्नु ।

ङ) प्राकृतिक स्रोतजन्य रोयल्टी चुहावट रोक्न प्रभावकारी संयन्त्र परिचालन गर्नु ।

च) समयमा नै बजेट कार्यान्वयन गर्ने परिपाटी स्थापना गर्नु।

छ) सङ्घ तथा प्रादेशिक सरकारबाट प्रक्षेपित बजेट एवम् सहयोग समयमा र घोषित परिमाणमा उपलब्ध हुन नसकेको अवस्थामा कार्यक्रमहरुको आन्तरिक ब्यवस्थापन गर्नु ।

आदरणीय गाउँसभाका अध्यक्षज्यू, सदस्य ज्यूहरु तथा सम्पूर्ण महानुभावहरु

अव म आ.व. ०८०/८१ को क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको प्रस्तावित अनुमान प्रस्तुत गर्दछु ।

१. चालु आर्थिक वर्षको असार मसान्तसम्ममा आन्तरिक राजश्व तर्फ रु १ करोड ६८ लाख २५ हजार रुपैया संकलन हुने अनुमान गरेकी छु ।आगामी वर्षको लागि सम्पत्तिकर मार्फत रु.२ लाख, भुमिकर ५ लाख, घर बहाल कर ४ लाख ५० हजार, बहाल विटौरी कर १ लाख ५० हजार, सवारी साधन कर २० हजार, कृषि तथा पशुजन्य निकासीमा १ लाख ५० हजार, जीवजन्तु जडिबुटी र कवाडी निकासीमा २ लाख, सरकारी सम्पत्तिको बहालबाट २५ हजार, खानीबाट प्राप्त रोयल्टी ४८ लाख, दहत्तर बहत्तर वापत ३५ लाख, परीक्षा शुल्क १ लाख, अन्य प्रशासनिक सेवा शुल्क ३ लाख २० हजार, नक्सा पास ३ लाख, सिफारिस दस्तुर १२ लाख, ब्यक्तिगत घटना दर्ता दस्तुर ४ लाख, नाता प्रमाणित दस्तुर १ लाख १५ हजार, अन्य दस्तुर २० हजार,

व्यवसाय रजिष्ट्रेशन दस्तुर ५० हजार, प्रशासनिक दण्ड जरिवाना २५ हजार, प्रदुषण नियन्त्रण शुल्क ३३ लाख, व्यवसाय कर ४ लाख, बेरुजु असुली ६ लाख रहने अनुमान गरिएको छ । यसरी जम्मा आन्तरिक आम्दानी १ करोड ६८ लाख २५ हजार हुने प्रक्षेपण गर्दछु ।

२. यस वर्ष सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ९ करोड ९२ लाख, सशर्त तर्फ २५ करोड ५० लाख, समपुरक ५५ लाख र विशेष अनुदान १ करोड ४५ लाख प्राप्त हुने सुनिश्चितता भएको छ ।

३. त्यस्तै लुम्बिनी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान रु ७० लाख ७२ हजार, सशर्त अनुदान ७६ लाख ५० हजार, र समपुरक अनुदान १ करोड प्राप्त हुने सुनिश्चितता भएको छ ।

४. राजश्व बाँडफाड तर्फ संघीय सरकार मार्फत ९ करोड ७३ लाख ६० हजार १ सयको अनुमान प्राप्त भएको छ भने लुम्बिनी प्रदेशबाट ८० लाख ९६ हजार २५४ रुपैया प्राप्त हुने अनुमान गरिएको छ ।

५. चालु आ.व.को कार्य सम्पादन पश्चात् अल्या बैंक मौज्दात रु. ६१०३९६४६/- रहने अनुमान गरिएको छ ।

६. अगामी अ.व. ०७९/८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि रु. ५८ करोड २२ लाख ४३ हजार रुपैया विनियोजन गरिएको छ ।

७. आर्थिक विकास क्षेत्रमा २ करोड ४० लाख ६० हजार, सामाजिक विकास क्षेत्रमा ६ करोड ७६ लाख ३ हजार, पूर्वाधार विकास क्षेत्रमा ५ करोड ७८ लाख ३० हजार, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ ४९ लाख, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा २ करोड ९ लाख, कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ ८ करोड ५८ लाख विनियोजन गरिएको छ भने वडागत स्थानीय योजनाको लागि रु.२८५०००००/-।

८. कुल विनियोजन मध्ये चालु तर्फ रु. ३९ करोड ३२ लाख १३ हजार (६७.५३ प्रतिशत) र पुँजीगत तर्फ १८ करोड ९० लाख ३० हजार (३२.४७ प्रतिशत) रुपैया रहेको छ ।

९. आगामी आ.व.मा बजेटका क्षेत्रगत प्राथमिकताहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सामाजिक विकास

### शिक्षा

विद्यालय शिक्षालाई समसामयिक रुपमा आधुनिकीकरण गर्न ब्रिटिस काउन्सिलसङ्गको सहकार्यको QEQS सक्षम कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ । स्थानीय शिक्षा ऐन र नियम पुनरावलोकनको लागि साथै पाठ्यक्रम र मातृभाषाको पाठ्यक्रम पाठ्यपुस्तक व्यवस्थापनका लागि बजेट छुट्याइएको छ । त्यसै गरी नमूना विद्यालयको लागि सवारी खरिद गर्न रकमको व्यवस्था गरिएको छ । अनाथ तथा अभिभावकविहीन बालबालिकाहरुलाई गाउँपालिकाले अभिभावकत्व लिदै मा.वि. तह सम्मको शिक्षाका लागि आवश्यक व्यवस्था मिलाइएको छ ।किसान बहुमुखी क्याम्पसको शैक्षिक व्यवस्थापनको लागि रकम व्यवस्था गरिएको छ । शिक्षक कर्मचारीहरुको

दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइएको छ । विभिन्न शैक्षिक कार्यक्रम तालिम तथा अतिरिक्त क्रियाकलाप संचलनका लागि व्यवस्थापन गरिएको छ ।शिक्षक कर्मचारीको विमा गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

## स्वास्थ्य

निर्माणाधीन १५ शैयाको अस्पताल पुरा गर्ने, धैरेनी, सिकारकोट, भुटुके, मटेरी र वडा न. ८ ताकाटुङ्गमा स्थापित नयाँ सामुदायिक स्वास्थ्य इकाई संचालन गर्न बजेटको व्यवस्था गरिएको छ । महिलाको आङ्ग खस्ने समस्या तथा पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग शिविर सचालन गर्न तथा अन्य विभिन्न स्वास्थ्य शिविरको लागि आवश्यक रकम छुट्याइएको छ ।स्वास्थ्य चौकी तथा ल्यावहरुको क्षमता विकासका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ । उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम र विपन्न स्वास्थ्य बीमा कार्यक्रम, गाउँघर क्लिनिक, घरघरमा स्वास्थ्यकर्मी लगायतका जनप्रिय कार्यक्रमहरु निरन्तर गर्न आवश्यक बजेटको प्रबन्ध गरिएको छ । निर्माणाधीन कसेनी स्वास्थ्यचौकी भवनलाई पूर्ण गर्न आवश्यक ब्यवस्था भएको छ।

## खानेपानी

खानेपानीका मुहान संरक्षण, खानेपानी प्रणाली सुधार १ घर १ धारा कार्यक्रम निरन्तरता एबम् विभिन्न नयाँ तथा अपुरा लिफ्टिङ्ग खानेपानीहरु सम्पन्न गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

माथागढी गाउँपालिका भित्रका विभिन्न लक्षित वर्गहरुको संरक्षण एवं समावेशीकरणका कार्यक्रमहरु संचालन गर्न आवश्यक व्यवस्थापन गरिएको छ । विभिन्न साझेदारी कार्यक्रमहरुबाट लक्षित वर्गलाई लाभान्वित गर्ने नीति लिइएको छ । बालमैत्री वडा तथा गाउँपालिका निर्माण गर्नको लागि बजेटलाई निरन्तरता दिइएको छ।

## युवा तथा खेलकुद

विभिन्न खेल मैदानहरुको स्तरोन्नति एबम् विभिन्न खेल महोत्सव तथा प्रातियोगिताहरुको आयोजना गरी युवाहरुलाई खेलकुदप्रति आकर्षित र प्रोत्साहित गर्न, विभिन्न खेल सामग्रीहरु उपलब्ध गराउन आवश्यक रकमको व्यवस्था गरिएको छ ।

## आर्थिक विकास

### कृषि तथा पशु पन्छी विकास

कृषिवाली वीमा गर्नको लागि आवश्यक व्यवस्था मिलाइएको छ । हाटबजार निर्माण, उत्पादनमा आधारित कृषि अनुदान, माटोको गुणस्तर परीक्षण गर्ने कार्य लगायतको लागि आवश्यक बजेट विनियोजन भएको छ । विभिन्न सीप सम्बन्धी तालिम र प्रविधि हस्तान्तरणका लागि अनुदान कार्यलाई निरन्तरता दिइएको छ ।कृषि पकेटका कार्यक्रमहरुलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ । कृषि प्रवर्द्धन तथा कृषि यान्त्रीकरणका लागि रकम छुट्याइएको छ । एक गाउँ एक उत्पादन कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक ब्यवस्थापन गरिएको छ

। मसला उद्योग प्रबर्द्धन गर्ने कार्यक्रमहरु राखिएको छ। स्थानीय नश्लका पशुजीवहरुको संरक्षण, पशुवीमा, प्राकृतिक तथा कृत्रिम नश्ल सुधार, खोर सुधार लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिन आवश्यक रकमको व्यवस्था गरिएको छ। एक वढा एक पशु फर्म आधुनिकीकरण कार्यक्रमको लागि रकम छुट्याइएको छ ।

उद्यमशीलता विकास

नयाँ लघुउद्यमी सिर्जना तथा स्तरोन्नति मार्फत् उद्यशीलता विकास गर्न रकमको ब्यवस्थापन भएको छ । नवप्रवर्ता साझेदारी कोष अन्तर्गतका कार्यक्रमको दिगोपना हुने गरी कार्य गर्न आवश्यक ब्यवस्थापन गरिएको छ ।

पूर्वाधार विकास

यातायात, भवन तथा आवास

गाउँपालिका प्रशासकीय भवन, वडा नं १ को कार्यालय भवन, कसेनी स्वास्थ्य चौकी भवन, किसान मा वि नयाँ भवन तथा निर्माणाधीन विभिन्न विद्यालय भवनहरु सम्पन्न गर्न आवश्यक बजेटको ब्यवस्थापन गरिएको छ । प्रदेश समपुरक योजनाहरुको लागि रु १ करोड छुट्याइएको छ । देवगिर झडेवा सडक स्तरोन्नतीको लागि रकम व्यवस्था गरिएको छ । निर्माणाधिन अधुरा र रणनीतिक महत्वका सडक तथा पैदल मार्गका लागि आवश्यक रकम छुट्याइएको छ ।

उर्जा

बैकल्पिक उर्जा कार्यक्रमका लागि ८ लाख छुट्याइएको छ ।

संचार तथा सूचना प्रविधि

गा.पा.का सेवा केन्द्रहरुमा भरपर्दो इन्टरनेट व्यवस्थापनका लागि आवश्यक रकम छुट्याइएको छ ।विद्यालयहरुमा इन्टरनेटको क्रमशः व्यवस्थापन गर्न रकम छुट्याइएको छ ।

सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र

- खानीजन्य पदार्थ एवं नदीजन्य पदार्थको उचित सदुपयोग गर्न आवश्यक व्यवस्था गरिएको छ ।
- विपद व्यवस्थापनका लागि २५ लाख छुट्याइएको छ ।
- राजश्व संकलन प्रणालीलाई व्यवस्थित गर्न सफ्टवयरको प्रयोग सुरुवात गरिएको छ ।
- विभिन्न पर्यटकिय क्षेत्रहरु लगाएत अन्य पूर्वाधारहरुको पहिचान र पूर्वाधार निर्माणका लागि रकमको ब्यवस्था गरिएको छ ।

विविध

- कर्मचारीहरुको उत्प्रेरणा र क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु ल्याइएको छ । प्रारम्भिक बाल विकास सहजकर्ता लगायत विद्यालय लेखा कर्मचारीको सेवा सुविधामा सम्बोधन गर्न आवश्यक रकमको व्यवस्था गर्ने कार्यालाई निरन्तरता दिइएको छ।
- शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरुकोदुर्घटना विमा लगायतको लागि रकम छुट्यइएको छ ।

१०. प्रस्तुत बजेट योजना तथा कार्यक्रम आफैमा पूर्ण छैन । सभाका आदरणीय सदस्यहरुको सुझाब अनुसार यसलाई लचकतापूर्वक संशोधन गर्न सकिने र यसको सफल कार्यान्वयन पश्चात मात्र यो पूर्ण भएको मानिनेछ । बजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण पक्षको सकारात्मक मार्गदर्शन एवं रचनात्मक सल्लाह सुझावको अपेक्षा गरेका छौं ।

धन्यवाद

विष्णुमाया लुङ्चे
उपाध्यक्ष
माथागढी गाउँपालिका